नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेसी, धादिङ

## बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति-२०७९।०२।१३**

नीलकण्ठ नगरपालिकाका लागि चालु आ.व. ०७८/७९ मा यस नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई निःशुल्क स्यानेटरी प्याड वितरण गर्न शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा ईजाजत प्राप्त ईच्छुक योग्य फर्महरुले फर्म दर्ताको प्रमाणपत्र,मु.अ.कर दर्ता प्रमाणपत्र र आर्थिक वर्ष २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वक **बोलपत्र विद्युतीय माध्यमबाट** पेश गर्न आह्वान गरिन्छ ।

शर्तहरु

१. पहिलो पटक सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र कार्यालय समयमा तपसिल बमोजिमको दस्तुर (फिर्ता नहुने) बुझाई नगदी रसिद निवेदन साथ संलग्न राखी ईच्छुक बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक धादिङबेसी शाखा, धादिङमा रहेको खाता १०३०१००३०१०१०००६ संचित कोष खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ।

२. बोलपत्र रीतपूर्वक भरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र बोलपत्र विद्युतीय माध्यममा दर्ता गराईसक्नु पर्नेछ। दर्ता भएको बोलपत्र सोही दिनको २:०० बजे बोलपत्रदाताहरु वा निजका आधिकारिक प्रतिनिधिहरुको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिन्छ । बोलपत्रदाताहरु वा निजको आधिकारीक प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र साथमा जमानत बापत तपसिल अनुसारको रकम नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, धादिङबेसी शाखा, धादिङमा रहेको खाता नं १०३०१००३०३००००००६ धरौटी खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस नगरपालिकाको नाममा जारी गरेको कम्तिमा १२०(एक सय बिस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंक जमानत पेश गर्नु पर्नेछ ।

४. सम्पूर्ण करहरु बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ। कुनै पनि कर बापत तिरेको रकमको यस कार्यालयबाट शोधभर्ना हुने छैन।

५. प्रत्येक बोलपत्रदाताले बोलपत्र फाराममा उल्लेखित शर्तको पूर्णरुपले पालना गर्नुपर्ने छ।

६. आपूर्ति गरिने सेनिटरी प्याडहरुको म्याद गुज्रने अवधि कम्तीमा १८(अठार) महिना बाँकी भएको हुनुपर्नेछ।

७. रीत नपुगेको, म्याद नाघी आएको र कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको बोलपत्र माथि कुनै किसिमको कारबाही गरिने छैन।

८. बोलपत्र पूर्णरुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिकामा निहित रहने छ।

९. बोलपत्रदाताले आपूर्ति गर्ने सम्पूर्ण प्याडहरु NS/IS Certified कम्पनीहरुबाट उत्पादित सामान मात्र खरिद आपूर्ति गर्नु पर्नेछ। साथै बोलपत्रदाताले बोलपत्र फाराममा स्यानेटरी प्याडको NS/IS Certified कम्पनीको नाम अनिवार्य उल्लेख गर्नु पर्नेछ। कम्पनी उल्लेख नभएको वा आंशिक उल्लेख भएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. आपूर्ति हुने सामानको प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर तथा " Supply for Neelakantha Muncipality Office,Dhading,Nepal" वा " नीलकण्ठ नगरपालिकाबाट निःशुल्क वितरणका लागि " भनी स्पष्ट उल्लेख भएको हुनुपर्नेछ।

११. माग गरिएको स्यानेटरी प्याडहरु एकमुष्ट उपलब्ध गराउनु पर्नेछ।

१२. बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझनका लागि सम्पर्क नं ०१०-५९००६८ र www.bolpatra.gov.np, www.neelakanthamun.gov.np भिजिट गर्न सक्नु हुनेछ।

१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि नियमावली ,२०६४ र सार्वजनिक खरिद ऐन ,२०६३ तथा सार्वजनिक खरिद नियमावली ,२०६४ बमोजिम हुनेछ ।

**बोलपत्र सम्बन्धी विवरण**

| क्र.सं | बोलपत्र ठेक्का नं | कामको विवरण | ल.ई. भ्याट समेत | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | Nee-27-2078-79 | स्यानेटरी प्याड आपूर्ति गर्ने कार्य | रु.३९,९७,२७९।९८ | रु.१,०६,०००।०० | रु.३०००।०० |

प्रमुख प्रशासकीय अधिकृत